# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, वैशाख १८ गते २०५८ साल (अतिरिक्ताङ्क ७ (क)


## भाग ३

श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८

शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. सेवा, शर्त सम्बन्धी व्यवस्थाः– निगमका कर्मचारीहरूको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियममा उल्लेख भएबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. खारेजी र बचाउः– (१) शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ खारेज गरिएको छ।

(२) शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरूको सेवा नियमावली, २०३१ बमोजिम भए गरेका काम कारवाहीहरू शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा २७क. बमोजिम बनाइने विनियम बमोजिम भए गरेका मानिनेछन् ।

आज्ञाले,
वरुणप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।